कानुन तथा बैंकको साधारण सभा सञ्चालन तथा सञ्चालक निर्वाचन कार्यविधि सम्बन्धि निर्देशिका, २०८० बमोजिम योग्य हुनुपर्नेछ ।

तर, संगठित संस्थाले बैंकको शेयर लिएकोमा त्यस्ता शेयरधनीहरुको तर्फबाट सञ्चालक पदको लागि उम्मेदवार हुनेले व्यक्तिगत रुपमा बैंकको शेयर लिएको हुन जरुरी हुने छैन, तर निज जुन संगठित संस्थाको तर्फबाट उम्मेदवार हुने हो सो संस्थाबाट लिखित अधिकार लिएको हुनुपर्नेछ ।

१२) आफ्नो परिचय पत्र (फोटो भएको) सहित बैंकले जारी गरेको प्रवेश-पत्र, वा शेयर प्रमाणपत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता(DEMAT ACCOUNT)को विवरण(DEMAT STATEMENT) प्रस्तुत गरेपछि मात्र सभामा भाग लिन र मतदान गर्न पाईनेछ । मिति २०८० फागुन २४ गतेदेखि ३७ औं साधारणसभा नभएसम्म शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा २०८० फागुन २३ गतेसम्म कारोवार भई मिति २०८० फागुन ३० गते भित्र यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौंले प्राप्त गरेको नामसारीको लिखतका आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नुहुनेछ ।

१३) सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनूहुन हार्दिक अनुरोध छ । साथै शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हूने दिन बिहान ९.०० बजेदेखि हाजिर पुस्तिका खूल्ला रहनेछ ।

द्रष्टव्य: साधारण सभा सम्वन्धि सूचना तथा छलफलको विषयसूची सहितको बैंकको वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको उपलब्ध ठेगानामा पठाउनुका अलावा बैंकको वेबसाईट www.nimb.com.np मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं । साथै बैंकको का.जि., का.म.न.पा., वडा नं. २ लाजिम्पाट, काठमाण्डौ स्थित कर्पोरेट कार्यालय, का.जि., का.म.न.पा., वडा नं. १ दरबारमार्ग, काठमाण्डौ स्थित केन्द्रीय कार्यालय तथा यस बैंकको शेयर रजिष्ट्रार एनआइएमबि एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट समेत साधारण सभा सम्बन्धि सूचना तथा छलफलको विषयसूची सहितको बैंकको वार्षिक प्रतिवेदन लिन सकिने व्यहोरा अनुरोध गर्दछौं । साथै प्रतिनिधि नियुक्त गर्ने बैंकको प्रोक्सी फाराम बैंकको वेबसाईट www.nimb.com.np बाट डाउनलोड पनि गर्न सकिनेछ ।